**Tribhuvan Journal** Vol. 3 No. 1: 118-127, October 2024; Research Management Cell, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal.
**DOI: https://doi.org/10.3126/tribj.v3i1.70816**

# *कुञ्जिनी* खण्डकाव्यमा स्वच्छन्दतावाद

*डा.प्रेमप्रसाद तिवारी*
*tiwari.prem828@gmail.com*
*उपप्राध्यापक, नेपाली*
*त्रि.वि., बुटवल बहुमुखी क्याम्पस, रुपन्देही*

***Article History:*** *Received 25 March 2024; Reviewed 24 June 2024; Revised 28 August 2024; Accepted 25 September 2024.*

**लेखसार**

*प्रस्तुत लेखमा लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित कुञ्जिनी खण्डकाव्यलाई स्वच्छन्दतावादी अवधारणाका आधारमा विश्लेषण गरिएको छ । यस लेखमा कुञ्जिनी खण्डकाव्यलाई आधारभूत वा प्राथमिक स्रोत सामग्रीका रूपमा लिइएको छ भने स्वच्छन्दतावाद तथा कुञ्जिनी खण्डकाव्यका बारेमा गरिएका अध्ययन विश्लेषणलाई द्वितीयक स्रोत सामग्री मानिएको छ । यस लेखमा प्रयोग गरिएका दुवै स्रोतका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस लेखमा आत्मिक प्रेमको प्रस्तुति, प्रकृतिचित्रण, ग्रामीण एवम् राष्ट्रिय सांस्कृतिक पक्षको चित्रण, लोकलयको प्रयोग, द्रुततर आशुलेखन, लोकप्रसिद्ध गाथाको प्रयोग, स्वच्छन्दतावादी प्रगतिवादी चेत, भाषाशैली तथा अलङ्कार प्रयोग जस्ता स्वच्छन्दतावादी अवधारणाका आधारमा कृतिको विश्लेषण गरिएको छ । यस लेखमा देवकोटाले लोकप्रसिद्ध गाथा प्रयोग गरी आत्मिक प्रेमप्रतिको आफ्नो दृष्टिकोण अभिव्यक्त गरेको कुरा आएको छ । यस लेखमा गोरे र कुञ्जिनीका बिचको प्रेमलाई मुख्य विषयवस्तु बनाएर रचना गरिएको कुञ्जिनी खण्डकाव्यमा प्रेममा मिलन, बाधा व्यवधान, बिछोड र मृत्युपछि स्वर्गमा भएको मिलनसम्मको विषय आएको भन्ने कुरा देखाइएको छ । यस लेखमा आत्मिक प्रेम, प्रकृतिप्रेम, ग्रामीण सभ्यताप्रतिको रुचि एवम् नेपाली राष्ट्रिय संस्कृतिका विविध पक्षको चित्रण गरिएका कारण यो कृति स्वच्छन्दतावादको उत्कृष्ट नमुना बनेको छ भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** आत्मिक प्रेम, आशुलेखन, प्रकृति, लोकलय, स्वच्छन्दतावादी ।

## विषयपरिचय

लक्ष्मीप्रसाद देवकोटा (१९६६–२०१६) नेपाली साहित्यको स्वच्छन्दतावादी काव्य धारामा कविता लेख्ने कवि हुन् । दश वर्षको कलिलो उमेर १९७६ सालमा कविता लेखेर कवित्वको चिनारी दिएका लक्ष्मीप्रसाद देवकोटाको औपचारिक साहित्य यात्राको प्रारम्भ ९९१ सालबाट भएको हो । देवकोटाका साहित्यिक कृतिको प्रकाशनको प्रारम्भ १९९२ सालको *मुनामदन* खण्डकाव्यबाट भएकाले यहाँसम्म आइपुग्दा यिनको कवित्व खण्डकाव्यसम्म विस्तार भएको पाइन्छ । १९९२ बाट सुरु भएको देवकोटाको खण्डकाव्य यात्रा २०१५ सालको *नयाँ सत्यकलि संवाद*सम्म विस्तारित देखिन्छ । देवकोटाको सार्वजनिक कविता यात्राका २५ वर्षमध्ये २३ वर्ष

खण्डकाव्य लेखनसँग जोडिएको पाइन्छ । त्यसमा पनि २००४-२००६ सम्मको बनारस प्रवास काल खण्डकाव्य रचनाका दृष्टिले निकै उर्वर मानिन्छ । यस अवधिमा उनका *मुनामदन* (१९९२), *राजकुमार प्रभाकर* (१९९७), *कुञ्जिनी* (२००२), *रामायण शोकगाथा* (२००४ अनुपलब्ध), *वसन्ती-दुई* (२००९), *म्हेन्दु* (२०१५), *रावणजटायुयुद्ध* (२०१५), *दुष्यन्त शकुन्तला भेट* (२०२५), *सीताहरण* (२०२४), *लूनी* (२०२३), *मायाविनी सर्सी* (२०२४), *सृजामाता* (२०३९), *तिप्लिङ्गी* (२०५७), *तुषारवर्णन* (२०५९) आदि खण्डकाव्य रहेका छन् । स्वच्छन्दतावाद साहित्य लेखनका क्रममा देखिएको कल्पना, भावुकता, प्रकृति प्रेम, आत्मिक प्रेम, अतीतप्रतिको मोह जस्ता विशेषतालाई उपयोग गर्ने सिद्धान्त हो । नेपाली साहित्यका सन्दर्भमा स्वच्छन्दतावादलाई नेपाली साहित्यमा भित्र्याएर पुष्पित र पल्लवित बनाउने स्रष्टाका रूपमा लक्ष्मीप्रसाद देवकोटा परिचित छन् । स्वच्छन्दतावादी प्रवृत्तिका आधारमा लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित *कुञ्जिनी* खण्डकाव्यमा केकस्ता स्वच्छन्दतावादी प्रवृत्ति प्रकट भएका छन् भन्ने मूल प्राज्ञिक समस्यामा केन्द्रित रही कृतिमा अन्तर्निहित स्वच्छन्दतावादी प्रवृत्ति निरूपण गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ । लक्ष्मीप्रसाद देवकोटाद्वारा रचना गरिएको *कुञ्जिनी* खण्डकाव्यका विभिन्न पक्षका बारेमा विश्लेषण गरिएको भए पनि स्वच्छन्दतावादी प्रवृत्ति निरूपण गर्ने उद्देश्य प्रेरित अध्ययन हुन नसकेकाले प्रस्तुत अध्ययन निकै उपयोगी रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखका लागि आवश्यक सामग्री प्राथमिक र द्वितीयक स्रोतबाट लिइएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा देवकोटाको *कुञ्जिनी* खण्डकाव्यलाई लिइएको छ भने द्वितीयक स्रोतका सामग्रीका रूपमा उक्त खण्डकाव्यका बारेमा गरिएका विभिन्न अध्ययन तथा समीक्षालाई लिइएको छ । यसमा दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस लेखमा सङ्कलित सामग्रीको अध्ययनका लागि स्वच्छन्दतावादको सिद्धान्त अवलम्बन गरिएको छ ।

## स्वच्छन्दतावादको सैद्धान्तिक पर्याधार

पाश्चात्य साहित्यका क्षेत्रमा प्रचलित रोमान्टिसिज्म शब्दको नेपाली समानार्थी शब्दका रूपमा स्वच्छन्दतावाद शब्द प्रचलित रहेको छ । रोमान्टिसिज्म शब्दको व्युत्पादनमा ल्याटिन भाषाको रोमान्स, अङ्ग्रेजी भाषाको रोमान्स तथा फ्रेन्च भाषाको रोमान्ज शब्दको भूमिका रहेको पाइन्छ । पाश्चात्य साहित्यका क्षेत्रमा नव परिष्कारवादी साहित्यले सिर्जना गरेको अतिवाद तथा फ्रान्सेली राज्यक्रान्तिले खोजिरहेको स्वतन्त्रताको परिणतिका रूपमा स्वच्छन्दतावादी लेखनको विकास भएको हो (जोशी, २०५७ क, पृ.१५) । स्वच्छन्दतावादी साहित्यको विकासमा फ्रान्सेली राज्यक्रान्तिका मूल मान्यताका रूपमा रहेका स्वतन्त्रता, समानता र भ्रातृत्वमा आधारित मानवतावादी विचारधाराको अहम् भूमिका रहेको पाइन्छ । यसैगरी लेसिङ, सिलर, कान्ट आदि जर्मन वैज्ञानिक एवम् फ्रेन्च दार्शनिकहरूका स्थापनाले पनि स्वच्छन्दतावादी साहित्यको विकासमा अतुलनीय योगदान पुऱ्याएका छन् अनि पूर्व स्वच्छन्दतावादी दाँते, गेटे, सेक्सपियर आदिका रचनाको पनि उल्लेख्य भूमिका रहेको पाइन्छ ।

स्वच्छन्दतावादी साहित्यलाई परिष्कारवादी साहित्यको विपरीत लेखनका रूपमा पनि हेरिएको छ । मूलभूत रूपमा नव परिष्कारवादले विकास गरेको संयम, नियम र परम्पराको परिधिमा अनुबन्धित भई लेखिएको साहित्य कृत्रिम, सतही र आडम्बरपूर्ण बन्ने भएकाले त्यस्तो कठोर अनुशासनको बन्धनबाट उन्मुक्तिका लागि

साहित्य लेखिनुपर्छ भन्ने अवधारणाका साथमा स्वच्छन्दतावादी लेखनको विकास भएको हो । प्रारम्भिक अवस्थामा रोमान्टिक शब्दले रोमाञ्चकारी, काल्पनिक वा अवास्तविक रचनालाई बुझाएको भए पनि समयको परिवर्तनसँगै शब्दको अर्थको गरिमा पनि परिवर्तन भएको पाइन्छ । सन् १७९८ मा नै रोमान्टिक शब्दले फ्रान्सेली एकेडेमीबाट विधिवत् मान्यता प्राप्त गरेको थियो भने उन्नाइसौँ शताब्दीको सुरुतिर परिष्कारवादी लेखनको विरुद्धमा लेखिएको साहित्यिक अभियानका रूपमा स्वच्छन्दतावादी लेखनले आफ्नो परिचय बनाएको थियो (जोशी, २०५७ क, पृ.१५) । यी सबै स्वच्छन्दतावादका बारेमा प्रकट गरिएका अवधारणालाई आधार बनाउँदा वास्तवमा स्वच्छन्दतावादी लेखनले मुक्त वा स्वतन्त्र अभिव्यक्ति प्रणालीलाई अवलम्बन गरी लेखिने साहित्यिक सिद्धान्त भन्ने अर्थ बुझाउँछ ।

स्वच्छन्दतावादी लेखनको प्रारम्भ सन् १७९८ मा प्रकाशित विलियम वर्डस्वर्थ र स्यामुअल टेलर कलरिजको संयुक्त कृति *लिरिकल ब्यालेड्स*बाट भएको हो र यसैको दोस्रो संस्करणका रूपमा सन् १८०० मा प्रकाशित पुस्तकमा वर्डस्वर्थद्वारा लेखिएको भूमिकालाई नै स्वच्छन्दतावादी लेखनको घोषणापत्र मानिएको छ (ढकाल, २०६९, पृ.९३) । त्यही भूमिकामा वर्डस्वर्थले कवितालाई भावनाको स्वच्छन्द उच्छलनका रूपमा परिभाषित गरेका छन् र यही भूमिकाले नै स्वच्छन्दतावादी लेखनलाई विश्व साहित्यमा स्थापित गरिदिएको हो । सन् १७९८ बाट थालनी भएको स्वच्छन्दतावादी लेखनले सन् १८३२ सम्म एकछत्र राज गऱ्यो । पाश्चात्य साहित्य जगत्मा स्वच्छन्दतावादी धाराको प्रभाव इसाको अठारौँ शताब्दीको उत्तरार्द्धदेखि उन्नाइसौँ शताब्दीको अन्त्यसम्म कायम रहेको पाइन्छ (ढकाल, २०६९, पृ.१२) । यही अवधिमा विश्वका चर्चित कविहरू वर्डस्वर्थ, कलरिज, जोन किट्स, लर्ड बाइरन, सर बाल्टर स्कट, पिभी सेली आदिले स्वच्छन्दतावादी लेखनमा आवद्ध भई आफ्ना लेखरचना गरिरहे ।

स्वच्छन्दतावादी लेखनले व्यक्ति स्वतन्त्रतालाई विशेष महत्त्व दिँदै वैयक्तिक धारणा वा विचारलाई प्रमुख मानेर कल्पनाशील लेखनमा विशेष जोड दिन्छ । कल्पना मानव मनको संश्लेषणकारी सर्जक शक्ति हो र कल्पना नै पूर्वीय काव्यहेतुका प्रतिभाको नजिक रहेको हुन्छ (त्रिपाठी, २०५८, पृ.२२०) । यही कल्पना शक्तिका माध्यमबाट प्राप्त कल्पनिक विषयलाई अत्यन्तै स्वतन्त्रतापूर्वक प्रस्तुत गर्नु नै स्वच्छन्दतावादी लेखनको महत्त्वपूर्ण विशेषता बनेको पाइन्छ । “विशेषतः स्वच्छन्दतावादी मान्यताले परम्परामुक्त स्वच्छन्द अभिव्यक्ति प्रणालीमा आधारित शिल्प शैलीको प्रयोग भएको तर्फमा भन्दा आत्मपरक भावुकतामा सचेतता र परिष्कारमा भन्दा स्वतः स्फूर्ततामा, यथार्थमा भन्दा कल्पनामा तथा चेतनामा भन्दा अवचेतन मनमा विश्वास गर्ने हुन्छ” (घिमिरे, सन् २०२०, पृ.२) । स्वच्छन्दतावादी लेखनमा व्यक्तिको व्यक्तिगत स्वतन्त्रतालाई विशेष महत्त्व दिइने भएकाले वैयक्तिकता तथा आत्मनिष्ठताको भावना प्रबल बनेको हुन्छ । विवेकको सट्टामा आवेग, यथार्थको सट्टा आदर्श अनि परिष्कारभन्दा स्वतः स्फूर्तता वा निर्भरतावाद हो (त्रिपाठी, पृ. २०५८, पृ.२१) । स्वच्छन्दतावादी कविहरूले स्वतस्फूर्त अनुभूतिको आत्मपरक अभिव्यक्तिलाई अङ्गीकार गर्छन् । यी कविहरू सहज हृदयबाट प्रस्फुटित हुने भावुक अभिव्यक्ति र प्राकृतिक विषयवस्तुमा बढी जोड दिन्छन् । विराट् प्रकृतिको भण्डारमा आकर्षित भएर यिनीहरू काव्य सिर्जना गर्छन् । परिष्कारवादी कवितामा आवेगलाई विवेकले नियन्त्रण गरेको हुन्छ भने स्वच्छन्दतावादी कवितामा अतीतको गौरव, कृत्रिम र सहरी सभ्यताको खिल्ली उडाउँदै प्राकृतिक सभ्यताकै पक्षमा अभिव्यक्ति दिइएको हुन्छ (सिग्देल, सन् २०१९, जुलाइ ३१) । प्रकृतिलाई मानवताको गुरुका रूपमा स्वीकार गर्दै प्राकृतिक सौन्दर्यको उपासना गर्ने कार्य तथा प्रकृतिका रम्य रूप एवम् रहस्यको उद्घाटनमा स्वच्छन्दतावादी लेखन निकै रमाएको हुन्छ ।

आफू बाँचेको युगप्रतिको विद्रोह तथा अतीत वा सुदूर भविष्यप्रतिको आकर्षणले स्वच्छन्दतावादी लेखनलाई वर्तमान विमुख तथा अतीत अनि अनागत उन्मुख बनाइदिएको पाइन्छ । कुनै पनि विषयमा रहने सौन्दर्यका छटालाई पाठकसमक्ष प्रस्तुत गर्दै सौन्दर्यले भरिपूर्ण सामाजिक संरचना स्थापित गर्ने कार्यमा स्वच्छन्दतावादी लेखनले विशेष चासो देखाएको हुन्छ । आधुनिक सहरिया सभ्यताबाट सन्तप्त मानव जीवनलाई प्राकृतिक शीलतामा पुऱ्याउँदै कृत्रिमता मुक्त प्राकृतिक जीवनप्रतिको आकर्षण प्रकट गर्ने कृतिको रचनामा स्वच्छन्दतावादी लेखन रमाएको हुन्छ । बन्धनको परित्याग गरी स्वतन्त्रताको चयन गर्ने कार्य स्वच्छन्दतावादी साहित्यमा गरिएको हुन्छ (जोशी, २०५७ ख, पृ.२६) । मानवतावादी दृष्टिकोण राख्दै समानता, स्वतन्त्रता तथा भ्रतृत्वमा आधारित सामाजिक संरचना स्थापनाका लागि विशेष भूमिका निर्वाह गर्ने स्वच्छन्दतावादी लेखनमा लोकविश्वास, लोकसंस्कृति तथा लोकसाहित्यप्रति अनुराग देखाइएको हुन्छ । कृत्रिमताबाट मुक्तिको चाहना राख्ने स्वच्छन्दतावादी लेखनमा प्राकृतिक सहजता र ग्रामीण सभ्यताप्रतिको मोह प्रकट भएको पाइन्छ । यसरी मानिसको कल्पना शक्तिलाई निकै महत्त्व दिँदै कृति रचना गर्ने स्वच्छन्दतावादी लेखनका मुख्य माथि उल्लिखित अभिलक्षणलाई आधार बनाएर महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित *कुञ्जिनी* खण्डकाव्यमा पाइने स्वच्छन्दतावादी अभिलक्षण निरूपण गर्ने कार्य यस लेखमा गरिएको छ ।

## छलफल र परिणाम

२००२ सालमा रचना गरिएको र २००२ सालमै प्रकाशित भएको देवकोटाको *कुञ्जिनी* खण्डकाव्य स्वच्छन्दतावादी गाथाकाव्य ढाँचामा लेखिएको खण्डकाव्य हो । मातृपितृ वियोगका कारण मानसिक रूपमा सन्तप्त भएका देवकोटा १९९७ सालतिर हावापानी फेर्न मामा ससुराली (धादिङ जिल्लाको झिल्टुङ गाउँ) जाँदा त्यहाँको प्राकृतिक परिवेशको रमणीयता र ग्रामीण जीवनशैलीबाट प्रभावित भएर त्यसैबाट प्रेरणा लिई यो खण्डकाव्यको रचना भएको देखिन्छ । देवकोटाले *मुनामदन*को लोकप्रियताबाट प्रेरित भएर प्रेमगाथालाई लिई *लिरिकल ब्यालेड्स*कै ढाँचामा *कुञ्जिनी* खण्डकाव्यको रचना भएको पाइन्छ । *कुञ्जिनी* खण्डकाव्य स्वच्छन्दतावादी प्रवृत्तिको खण्डकाव्य भएकाले यसमा आत्मिक प्रेमको प्रस्तुति, प्रकृतिप्रेम, ग्रामीण एवम् राष्ट्रिय सांस्कृतिक पक्षको चित्रण, लोकलयको प्रयोग, द्रुततर आशुलेखन, लोकप्रसिद्ध गाथाको प्रयोग, अलङ्करणको प्रविधि, प्रगतिवादी चेत जस्ता स्वच्छन्दतावादी प्रवृत्ति प्रकट भएका छन् । यस लेखमा यिनै स्वच्छन्दतावादी अभिलक्षणका आधारमा *कुञ्जिनी* खण्डकाव्यको विश्लेषण गरी अर्थापन गरिएको छ ।

### आत्मिक प्रेमको प्रस्तुति

*कुञ्जिनी* खण्डकाव्यमा कविको प्रेमसम्बन्धी दृष्टिकोण व्यक्त भएको छ । भौतिक धनसम्पत्तिलाई महत्त्व दिने र त्यसैमा सुख शान्ति देख्ने प्रवृत्तिको विरोध गर्दै आत्मिक प्रेममै सुखशान्ति देख्ने तथा आत्मिक प्रेम अमर रहन्छ भन्ने कविको जीवनदृष्टि व्यक्त भएको छ । देवकोटाका खण्डकाव्यमा सामाजिक र आत्मिक चेतनाको व्याप्ति छ (त्रिपाठी, २०३२, पृ.१३५) । देवकोटाले आफ्ना रचनामा एकातिर सामाजिक विषयको उठान गरेका छन् भने अर्कातिर आत्मिक प्रेमको सन्दर्भलाई पनि यथोचित स्थान दिएका छन् । देवकोटाले भौतिकवादी विचारको पश्चात्तापमय पराजय र आत्मवादी विचारको मृत्युपरान्त पुनर्मिलनात्मक विजय देखाएर देह भौतिकताविमुख हृदयवादी आत्मवादी तथा आत्मिक प्रेमकेन्द्रित स्वच्छन्दतावादी प्रवृत्ति प्रस्तुत गरेका छन् (अवस्थी, २०६१, पृ.२०८) । आत्मिक प्रेमसम्बन्धी कविको दृष्टिकोण काव्यमा यसरी प्रकट भएको छ :

जीवनको ज्योति

परेला मोती

रुनुभन्दा के हुन्छ मिठो

पिरतीको फूलको जीवनमा ? (*कुञ्जिनी,* पृ. ११)

माथि प्रस्तुत गरिएको कवितांशमार्फत देवकोटाले जीवन फूल जस्तै सुन्दर र क्षणिक भए पनि प्रेममय जीवनमा रुवाइ नै मिठो हुने भाव प्रकट गरेका छन् । यस काव्यमा अभिव्यक्त आत्मिक प्रेमका सम्बन्धमा महादेव अवस्थी (२०६१) ले यसरी प्रकाश पारेका छन् :

> जीवनलाई फूलसँग दाँजी फूल र बैंस झरेर गए पनि फूलको बासना र दिलको पिरती मर्दैन भन्ने आत्मिक प्रेमसम्बन्धी दृष्टिकोणलाई कविले प्रकृतिका उपकरणका माध्यमबाटै प्रकट गरेका छन् भने प्रेममय जीवन र फूलको जीवनका बिचमा समानता औँल्याई फूल तिखैतिखा काँडाद्वारा घेरिएर रहेझैँ फूलको वासनारूपी प्रीति पनि दुःखैदुःखद्वारा घेरिएको हुन्छ भन्ने भाव उनले प्रकट गरेका छन् (पृ.२०६) ।

*कुञ्जिनी* खण्डकाव्यको मुख्य विषय नै प्रेम हो । प्रेमबाट सुरु भई मृत्युमा पुगेर टुङ्गिएको प्रस्तुत काव्यमा *कुञ्जिनी* र गोरेको आत्मिक प्रेम स्वर्गमा गएर प्रमाणित भएको छ । जिउलाई धुलो र प्रीतिलाई अमर ठानेको गोरे *कुञ्जिनी*लाई "धैर्य हो धर्म, नारीको कर्म, भक्ति हो नारीको शृङ्गार" (*कुञ्जिनी,* पृ.३८) भन्दै प्रीतिमा धैर्य गर्न आग्रह गरी युद्धमा जान तयार भएको छ साथै बाँचे यहीँ, मरे स्वर्गमा भेट हुने देखाएर *कुञ्जिनी*लाई सान्त्वना दिने प्रयाससमेत गरेको छ । प्रस्तुत काव्यमा चित्रित आत्मिक प्रेमका सम्बन्धमा कुमारबहादुर जोशी (२०४८) ले यस्तो धारणा प्रकट गरेका छन् :

> गाउँले कोल्पु नदीको किनारमा एउटा रुखनिर जोडी छायाँ अझ पनि राती राती देखिन्छ भन्छन् भनेर *कुञ्जिनी* र गोरेका दुई प्रेमी आत्माको मिलनको सङ्केत गर्दै उपसंहार गरिएको प्रस्तुत दुःखान्त खण्डकाव्यमा कविले हृदयको सच्चा प्रेम जस्तो ठुलो कुरा केही छैन र हृदय नबुझीकन देह र भौतिकताका दृष्टिले गरिएका कामकारबाहीले जीवन बर्बादिन्छ, पश्चात्तापमा पर्नुपर्छ भन्ने तथ्यलाई मूल प्रतिपाद्य बनाएको पाइन्छ र यसबाट कविको मुख्यतया देह र भौतिकताविमुख हृदयवादी आत्मवादी तथा आत्मिक प्रेमकेन्द्री स्वच्छन्दतावादी प्रवृत्ति प्रकट भएको छ (पृ.१६८) ।

देवकोटाले "सच्चा छ भने छुट्दैन भन्छन् उसपारि पिरती" (*कुञ्जिनी,* पृ.६६) भन्दै आत्मिक प्रेम इहलोकमा मात्र नभई परलोकमा समेत अमर रहने धारणा अभिव्यक्त गरेका छन् । यसप्रकार कोल्पुखोला र त्रिशूलीको सङ्गममा गोरे र *कुञ्जिनी* एक जोडी प्रेमीप्रेमिकाको आत्मिक प्रेमको मिलन भएको देखाएर देवकोटाले शाश्वत र आत्मिक प्रेम अजर र अमर हुन्छ भन्ने भावलाई प्रकट गरेका छन् । युद्धमा पुगेको गोरेले कुञ्जिनीलाई बिर्सन सकेको छैन बरु आफ्नी प्रेमिकालाई चिनोसमेत पठाएको छ (बन्धु, २०, पृ.१३४) । *कुञ्जिनी* र गोरेका बिचको आत्मिक प्रेमले यो लोक तथा परलोकमा निरन्तरता पाएको विषय यस काव्यमा आएको छ ।

## प्रकृतिचित्रण

*कुञ्जिनी* खण्डकाव्यमा देवकोटाको स्वच्छन्दतावादी प्रवृत्तिअनुरूप आत्मपरक प्रकृतिको चित्रण छ र प्रकृति र मानवका बिचमा तादात्म्य देखाउने प्रवृत्ति पाइन्छ । यसमा पात्रीय मानसिकताअनुरूपको प्रकृतिचित्रण

देखिन्छ साथै यस काव्यको प्रकृति चित्रण राष्ट्रिय सीमामा केन्द्रित देखिन्छ (उपाध्याय, २०६६, पृ.२००) । ठालुसिंहको मनको आशङ्काको प्रकृतिमूलक नाटककीकरण गर्दै रौद्र रूपको अभिव्यक्ति, गोरे र *कुञ्जिनी*ले गरेको उल्लासमा प्रकृतिको खुसियाली, सानीमा सिन्धु र नायिका *कुञ्जिनी*को रोमाञ्चक संवादको सन्दर्भ अँगाल्दै प्रकृतिका माध्यमबाट बिहा हुने उल्लासको अभिव्यञ्जना, शरीरको बलिदानद्वारा हृदयको प्रीतिको पवित्रता कायम राख्न *कुञ्जिनी* बाह्य प्रकृति (त्रिशूली र कोल्पु नदीको सङ्गम) मा लीन भएको दृश्य, प्रेममय जीवन र फूलको जीवनका बिचमा समानता देखाएर फूल तीखैतीखा काँडाले घेरिएझैँ प्रीति पनि दुःखै दुःखले घेरिएको हुन्छ (अवस्थी, २०६१, पृ.२०६) भन्ने भाव जस्ता पक्षहरू प्रकृति प्रयोगका दृष्टिले उल्लेखनीय छन् :

कोल्पूको कलकल नीरमा

गुलाफ झाँगे तीरमा

तिनको झुपडी ।

आलु है बखडाको

मोती झैँ सेता फूल फूल झर्छन् बर्बरी । (*कुञ्जिनी,* पृ.१)

माथिको खण्डकाव्य अंशमा कोल्पु नदी, गुलाफको झाँग, झुपडी, आरुबखडाको सेतो फूल जस्ता प्राकृतिक पक्षको चित्रण गरिएको छ । खण्डकाव्यको सुरुवातमा नै प्राकृतिक जीवनको विषयको उठान गरिएको छ । यस खण्डकाव्यमा वन, खोला, फूल, हिमाल, पहाड जस्ता प्राकृतिक पक्षको चित्रणमा विशेष जोड दिइएको छ । *कुञ्जिनी* खण्डकाव्यमा देवकोटा आफू बसेको काठमाडौँबाट विमुख बन्दै प्राकृतिक जीवनमा रमण गर्न पुगेका छन् र उनको प्रकृतिप्रतिको मोह खण्डकाव्यमा विभिन्न स्वरूपमा अभिव्यक्त हुन पुगेको छ । प्रकृति स्वयम्का सौम्य रौद्रको मन्मय चित्रण गर्दै पात्रका हर्षविस्मात्, वीरता, प्रीति, सुखदुःखात्मक मनोभावहरूलाई पनि प्रकृति, प्राकृतिक सङ्केत तथा बिम्बका माध्यमद्वारा व्यक्त गर्दै प्रकृति र मानव जीवनका बिचमा तादात्म्य गरिएको यसमा कविताको प्रकृतिकेन्द्री स्वच्छन्दतावादी प्रवृत्ति प्रकटिएको छ (जोशी, २०४८, पृ.१६७) । त्यस्तै यसमा वसन्तकालीन शृङ्गारिकता, बर्सात कालीन रौद्रपन, शरद्कालीन कारुणिकताको वर्णन पनि गरिएको छ ।

### ग्रामीण एवम् राष्ट्रिय सांस्कृतिक पक्षको चित्रण

सहरिया समाज विमुख र ग्रामीण समाज उन्मुख स्वच्छन्दतावादीको प्रवृत्ति यहाँ भेटिन्छ । यसमा कविले धादिङ जिल्लाको झिल्टुङ गाउँलाई परिवेश बनाएर त्यहाँको सामन्ती जीवनशैली, निम्नवर्गीय व्यक्तिका पीडा देखाउँदै पहाडी जीवनमा प्राकृतिक शान्ति रहेको छ र त्यहाँको सामाजिक जीवनमा फूल र काँडा दुवैको अस्तित्व छ भन्ने कुरा देखाएका छन् । ग्रामीण जीवनमा पाइने रीतिथिति, ठुला व्यक्तिको धाक रवाफ, विवाहोत्सवको हर्षोल्लास, छोरी चेली माग्दा वा दिँदा लगाइने धाकधक्कु, निरीह मानिसलाई होच्याउने प्रवृत्ति, ठालु ठानिएका व्यक्तिका संस्कार व्यवहारलाई काव्यमा देखाइएको छ (न्यौपाने, २०७२, पृ.७०) । गोरेसँगको वैवाहिक सन्दर्भले *कुञ्जिनी*मा देखिएको खुसियालीका माध्यमबाट मन परेका केटासँग बिहे हुँदा केटीहरू कसरी खुसी हुन्छन् भन्ने कुरा देखाइएको छ । त्यस्तै गरी यसमा बिहेको कुरो छिन्ने नेपाली शैली, दुलही सिँगार्ने नेपाली शैली, बिहेमा खेलिने रत्यौली लोकसंस्कृतिका माध्यमबाट लोकजीवनप्रतिको मोह प्रकट भएको छ । भौतिकताले तातेको सहरिया जीवनका तुलनामा ग्रामीण प्राकृतिक जीवन निकै सुन्दर हुने भए पनि ग्रामीण समाजमा रहने मानिसका बिचको विभेद अत्यन्तै डरलाग्दो भएको कुरा ठालुसिङले गोरेलाई गरेको व्यवहारबाट स्पष्ट पार्ने प्रयास गरिएको छ । कुमारबहादुर जोशी (२०४८) ले यस काव्यको सांस्कृतिक पक्षका बारेमा यसरी प्रकाश पारेका छन् :

खास गरी लखन लेप्टेनको छोरो सेतेसित कुन्जिनीको बिहे छिन्ने सन्दर्भमा र निज सेतेसित *कुन्जिनी*को बिहे हुने दिनमा भएका वरवधू पक्षका कुराकानी र क्रियाकलापबाट नेपालको ग्रामीण समाजमा प्रचलित विवाहसम्बन्धी सांस्कृतिक झाँकी प्रदर्शित गरिएको अनि बजिरिस्तान अस्पतालमा घाइते गोरे र उसको साथी मानवीरको आपसी कुराकानीका क्रममा सम्झेका शिवरात्रि, घोडेजात्रा, फूलपाती बढाइँ, गाईजात्रा जस्ता राष्ट्रिय चाडपर्वका प्रसङ्गबाट मनोरञ्जनप्रेमी नेपालीका राष्ट्रिय जीवनका रमाइला सांस्कृतिक पक्ष कोट्याइएको प्रस्तुत खण्डकाव्यमा कविको ग्रामीण एवम् राष्ट्रिय सांस्कृतिक पक्षतर्फको उन्मुखता प्रकट भएको छ (पृ.१६९) ।

नेपालको प्रकृतिमा जति विविधता रहेको छ त्यति नै विविधता यहाँको संस्कृतिमा पनि रहेको छ भन्दै नेपालको सांस्कृतिक विविधतालाई प्रस्तुत गर्ने कार्य *कुन्जिनी* खण्डकाव्यमा गरिएको छ । हाम्रा वैवाहिक चालचलन, हाम्रा लोकबाजा, हाम्रा लोकगीतमा पाइने विविधताले नेपाल र नेपालीलाई सांस्कृतिक सम्पदाका दृष्टिले सम्पन्न जातिका रूपमा चिनाइएको कुरा काव्यमा अभिव्यक्त भएको छ ।

**लोकलयको प्रयोग**

देवकोटाले *मुनामदन* खण्डकाव्यले पाएको लोकप्रियता पछि दोस्रोपटक लोकलयको प्रयोग गरेर लेखिएको कृति *कुन्जिनी* खण्डकाव्य हो । विभिन्न किसिमका लोकलयको प्रयोग गरिएको उच्चस्तरीय गीतिकाव्यका रूपमा देखिने प्रस्तुत खण्डकाव्यमा कविले भावअनुसार लयको प्रयोग गरेका छन् । झ्याउरे, कर्खा, रसिया जस्ता विविध लयको प्रयोग भएको यो काव्य लोकलयको एलबम हो भन्न सकिन्छ । विविध लोकलयको विशिष्ट प्रयोग पहिलो पटक गरिएको उच्चस्तरीय नेपाली गीतिकाव्य *कुन्जिनी* नै हो (जोशी, २०४८, पृ.१६५) । निश्चित पङ्क्ति विधानमा आधारित नियमित श्लोक योजना नभई अनिश्चित पङ्क्ति विधानमा आधारित स्वच्छन्द श्लोक योजना नै यस खण्डकाव्यको लय ढाँचागत वैशिष्ट्य हो । स्वच्छन्द श्लोक तथा पङ्क्ति योजनाभित्रको साङ्गीतिक झङ्कारले काव्यमा विशिष्टता थपेको छ । स्वच्छन्द अभिव्यक्तिका क्रममा स्वाभाविक किसिमको लय संयोजन तथा उच्च काव्यात्मक अभिव्यक्तिका कारण *कुन्जिनी* खण्डकाव्य विशेष रहेको छ :

सिन्धुका आँखा आँखालाई हेरी रसाए सरर
बोलिनन् सिन्धु, बोलिनन् इन्दु, दुई भए बरर (*कुन्जिनी*, पृ.६६)

माथिको खण्डकाव्य अंशमा स्वच्छन्द अभिव्यक्तिमा सिर्जित उत्कृष्ट लय तथा यमक अलङ्कार तथा अर्थान्तरसङ्क्रमित वाच्य ध्वनिको अद्भुत संयोजन पाइने हुनाले देवकोटाको द्रुततर आशुलेखनका क्रममा पनि उच्च काव्यात्मक धर्म निर्वाह हुन पुगेको छ भने अर्कातर्फ लय संयोजनगत लेखकीय परिपक्वता प्रकट भएको छ । यसरी स्वच्छन्द स्वाभाविक तथा अकृत्रिम साङ्गीतिक लयविधानका कारण कृति उत्कृष्ट बन्न पुगेको छ ।

**द्रुततर आँसुलेखन**

स्वच्छन्दतावादी कवि देवकोटामा असीमित प्रातिभ ज्वार पाइन्छ । द्रुततर आँसुकवित्व उनको प्रवृत्ति हो । देवकोटाले *कुन्जिनी* खण्डकाव्यमा आफूमा रहेको आँसुकवित्वको प्रतिभा देखाएका छन् । एक बसाइको एक लहडी तरङ्गमा एउटा काव्य लेख्न सक्ने देवकोटाले एक रातमै *कुन्जिनी* खण्डकाव्य लेखेर आँसुकवित्वको परिचय दिएका हुन् (जोशी, २०४८, पृ.१६४) । आँसुकवित्वका कारण केही कसरमसर पाइए पनि यसमा उच्च कवित्व व्यक्त भएको छ ।

## लोकप्रसिद्ध गाथाको प्रयोग

*कुञ्जिनी* खण्डकाव्यमा देवकोटाले झिल्टुङ गाउँतिर प्रचलित लोककथालाई मुख्य *विषयवस्तु* बनाएका छन् । लोकप्रसिद्ध प्रेमगाथालाई प्रस्तुत गरिएको यो खण्डकाव्य *लिरिकल ब्यालेड्सकै* ढाँचा अर्थात् गाथाकाव्य ढाँचामा लेखिएको स्वच्छन्दतावादी काव्य हो (अवस्थी, २०६१, पृ.१९६) । यसमा कविले प्रथम विश्वयुद्धमा नेपालीले देखाएको वीरतालाई समेत प्रयोग गरेका छन् भन्ने सामन्तकालीन नेपाली समाजको चित्र पनि उतारेका छन् । तसर्थ यो खण्डकाव्य प्रेमगाथा, सामाजिक गाथा र वीर गाथामा रूपमा समेत परिचित रहेको छ । ग्रामीण जीवनमा प्रचलित आख्यान तथा दन्त्यकथालाई नै मुख्य विषयवस्तुगत स्रोत बनाइएकोले यो स्वच्छन्दतावादी प्रवृत्तिकै काव्य देखिन्छ । यसप्रकार *कुञ्जिनी* खण्डकाव्यको विषयवस्तुगत स्रोत लोक प्रसिद्ध कथा, नेपालको इतिहास र कविकल्पना हो (अवस्थी, २०६१, पृ.१९६) । देवकोटाले प्रस्तुत खण्डकाव्यको अन्तमा भनेकाले यस खण्डकाव्यको विषयवस्तुको स्रोत झिल्टुङ गाउँतिर प्रचलित लोककथा रहेको स्पष्ट हुन्छ :

कोल्पूतिर अझै छ रुख हाँगा जसका फूल झुप्पै बन्दछन्,
त्यहाँ राती देखिन्छन् छाया एक जोडी सबैले भन्दछन् ।
झिल्टुङतिर अझै यो कथा पीपलमनि बसेर भन्दछन् । (*कुञ्जिनी,* पृ.८७)

*आजका* दिनमा पनि कोल्पु नदीको किनार तथा भिल्टुङतिर गोरे र *कुञ्जिनी* देखिन्छन् भन्ने विषयमा बुढापाकाले चौतारीमा बसेर नयाँ पुस्ताका लागि कथा सुनाउँदै आउँछन् भन्ने कुरा उल्लेख गरिएकाले यस खण्डकाव्यमा उपयोग गरिएको विषयको स्रोत लोककथा हो भन्ने कुरा पुष्टि हुन्छ । धादिङ जिल्लाको झिल्टुङ क्षेत्रमा प्रचलित रहेको लोककथालाई खण्डकाव्यको विषयको स्रोतका रूपमा उपयोग गरेको कुरा खण्डकाव्यको अन्तिम श्लोकमा लेखक स्वयम्ले स्वीकार गरेका छन् ।

## स्वच्छन्दतावादी प्रगतिवादी चेत

*कुञ्जिनी* खण्डकाव्यमा गोरे जस्तो नायकको जीवन गाथाबाट कविले अरूका निम्ति युद्ध गरेर मृत्युवरण गर्न पुगेको नेपाली युवाको मर्मस्पर्शी व्यथालाई प्रस्तुत गरेका छन् । अन्तर्राष्ट्रिय युद्ध, साम्राज्यवादी शक्तिका सामु घुँडा टेक्ने राष्ट्रिय सामन्ती शासनप्रति अप्रत्यक्ष रूपमा व्यङ्ग्य गर्ने काम कविले गरेका छन् । कुल घरान र धनसम्पत्तिको धाकधक्कु लगाउने सामन्ती ठालु सिंह र शोषित पीडित गरिब गोरेका माध्यमबाट कविले उच्चवर्ग र निम्नवर्गका बिचमा हुने द्वन्द्वलाई प्रस्तुत गरेकाले यसमा प्रगतिवादी चिन्तन व्यक्त भएको छ । प्रस्तुत काव्यमा देवकोटाले पुरानो पुस्ताका ठालु सिंह, लखन लेप्टेन जस्ता सामन्ती पात्र खडा गरेर प्रतीकात्मक रूपमा निरङ्कुश शासकको चरित्रलाई देखाएका छन् भने नयाँ पुस्ताका गोरे तथा *कुञ्जिनी* जस्ता पात्रका माध्यमबाट जनताको निरीह अवस्थालाई प्रकाश पारेका छन् । तत्कालीन सामाजिक व्यवस्थाका विरुद्ध विद्रोहको बीजारोपण हुन थालेको सन्दर्भलाई देखाइएकाले प्रगतिवादी चेतना सूक्ष्म रूपमा देखिएको छ (न्यौपाने, २०७२, पृ.७५) । यस काव्यमा कुलघरानको अभिमान गर्ने ठालु सिंह र शोषित वर्गको गोरेका बिचमा भएको द्वन्द्व उच्च र निम्न वर्गका बिचको द्वन्द्व हो । यसलाई देवकोटामा अन्तर्निहित प्रगतिवादी चेत मान्न सकिन्छ (जोशी, २०४८, पृ.१६८) । यसरी यस काव्यमा निम्न र उच्च वर्गका बिचमा भएको द्वन्द्वमा निम्न वर्ग पराजित भए पनि यसलाई कविको प्रगतिवादतर्फको सूक्ष्म चिन्तन मान्न सकिन्छ ।

**भाषाशैली तथा अलङ्कार प्रयोग**

प्रस्तुत खण्डकाव्यमा सरल, सहज भाषाशैलीको प्रयोग पाइन्छ । सामान्य पाठकका लागि बोधगम्य हुने खालको प्रसादमय भाषा, पोथी शैलीको प्रयोग, व्यङ्ग्यात्मक शैलीको उपयोग, परिष्कार र परिमार्जनको कमीका कारण केही कसरमसर पाइए पनि स्वतःस्फूर्त सहज लेखन प्रवाह पद्धतिभित्र उत्कृष्ट शैलीगत क्षमता पाइनु यस खण्डकाव्यका भाषाशैलीगत विशेषता हुन् । प्रस्तुत खण्डकाव्यमा गुलाफ, गुलाफ झाङ, गुलाफ बारी, तितेपाती, भिरको बाँदर, भालु, भमरो, फूल, चखेवी जस्ता प्राकृतिक विम्बको प्रयोग गरिएको छ । प्रकृतिको मानवीकरण गर्ने र मानव प्रकृति तादात्म्य देखाउने स्वच्छन्दतावादी अलङ्करणका प्रविधिको प्रयोग यस काव्यमा भएको छ ( अवस्थी, २०६१, पृ.२१४) । साथै उपमा, उत्प्रेक्षा, रूपक, अर्थान्तरन्यास, दृष्टान्त, व्यतिरेक, अतिशयोक्ति, स्वभावोक्ति, यमक जस्ता अलङ्कारको प्रयोग गरिएको छ ।

## निष्कर्ष

*कुञ्जिनी* महाकवि लक्ष्मीप्रसाद देवकोटाको आशुकवित्वको उपजका रूपमा देखिएको खण्डकाव्य हो । यस काव्यमा धादिङ जिल्लाको झिल्टुङ क्षेत्रमा प्रचलित लोकगाथालाई काव्यिक रूप दिने प्रयत्न गरिएको छ । यस काव्यमा सामान्य पात्रका रूपमा आएको गोरे र सम्पन्न परिवारकी छोरीका रूपमा आएकी *कुञ्जिनी*का बिचमा अत्यन्तै शीघ्र प्रेम सम्बन्ध देखाएर त्यति नै छिटो दुईका बिचको वियोगलाई प्रस्तुत गरिएको छ । काव्यमा लक्ष्मीप्रसाद देवकोटाको द्रुततर आँसुलेखनको स्पष्ट प्रभाव रहेको छ अनि स्वच्छन्दतावादी साहित्य लेखनप्रतिको देवकोटेली आस्थाको बेजोड नमुना बन्न पुगेको छ । यस खण्डकाव्यमा देवकोटाले गोरे र *कुञ्जिनी*को आत्मिक प्रेमलाई प्रस्तुत गर्दै कुनै बाधा व्यवधानले आत्मिक प्रेमलाई असफल बनाउन सक्दैन भन्ने शाश्वत दृष्टिकोण पनि प्रस्तुत गरेका छन् । कृतिमा लोकजीवनका पक्षमा उभिँदै देवकोटाले प्राकृतिक जीवनको सौन्दर्य मात्र प्रस्तुत गरेका छैनन् अपितु हाम्रो ग्रामीण समाजमा प्रचलित लोकविश्वास र लोकका जीवन्त संस्कृतिलाई पनि कृतिको महत्त्वपूर्ण पाटो बनाएका छन् । अतीतप्रतिको मोह तथा राष्ट्रवादी चिन्तनलाई देवकोटाले आफ्नो *कुञ्जिनी* खण्डकाव्यका माध्यमबाट प्रस्तुत गर्दै भौतिकताविमुख र आत्मिकतातर्फ उन्मुख प्रवृत्तिको समर्थन गरेका छन् । कृतिमा ग्रामीण जीवनशैलीको चित्रण गर्दै गाथाकाव्य ढाँचाका माध्यमबाट आत्मिक प्रेमको अमरता पुष्टि गर्ने प्रयत्न गरिएको छ । यस्तै प्रस्तुत कृतिमा स्वच्छन्दतावादी प्रगतिवादी चेत व्यक्त गर्दै आत्मपरक प्रकृतिचित्रण गरिएको छ भने प्राकृतिक जीवनलाई उच्च मूल्य पनि प्रदान गरिएको छ । काव्य लेखनका क्रममा अनुपालन गर्नुपर्ने स्थान, काल र कार्यको समन्वय नगरिएको भए पनि कथावस्तुको सहज आङ्गिक विकास र सम्भाव्यता आवश्यकताका दृष्टिले केही कमजोर रहेको पाइने प्रस्तुत कृतिमा आख्यान कवित्वका कारण कमजोर बन्न पुगेको छ यद्यपि सूक्ष्म आख्यान तन्तुको विस्तारबाट नै कृतिले गति प्राप्त गरेको छ । कृतिमा आत्मिक प्रेम इहलोक र परलोक सबैतिर अमर रहने स्वच्छन्तदतावादी आत्मवादी चेत अनि लयगत विशिष्टता पनि स्वच्छन्दतावादकै अङ्गका रूपमा आएका छन् । समग्रमा *कुञ्जिनी* खण्डकाव्यमा खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाले स्वच्छन्दतावादका मूलभूत सिद्धान्त अनुपालन गर्दै कृतिलाई स्वच्छन्दतावादको बेजोड नमुना बनाउने प्रयत्न गरेका छन् ।

## सन्दर्भसूची


अवस्थी, महादेव (२०६१). *लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता.* एकता बुक्स ।

उपाध्याय, नरहरि (२०६६). मुनामदन र *कुञ्जिनी* खण्डकाव्यको तुलनात्मक अध्ययन. *भृकुटी,* पूर्णाङ्क ५. कार्तिक मङ्सिर पुस. पृ. १९६-२०१ ।

घिमिरे, अम्बिका (सन् २०२०). मुनामदन खण्डकाव्यको स्वच्छन्दतावादी अवलोकन. *सोताङ* २ (१). पृ.१-७ ।

जोशी, कुमारबहादुर (२०४८). *देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना.* सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद् ।

जोशी, कुमारबहादुर (२०५७ क). *पाश्चात्य साहित्यका प्रमुख वाद* चौथो संस्क.. साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५७ ख). *देवकोटाको कवितायात्राको विश्लेषण र मूल्याङ्कन.* साझा प्रकाशन ।

ढकाल, नवराज (२०६९). *पाश्चात्य साहित्य सिद्धान्त तथा समालोचना पद्धति.* इन्टेलेक्चुअल बुक प्यालेस ।

त्रिपाठी, वासुदेव (२०३२). *सिंहावलोकन.* दोस्रो संस्क.. साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५८). *पाश्चात्य साहित्यको सैद्धान्तिक परम्परा भाग १* पाँचौँ संस्क.. साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०७०). *कुञ्जिनी* आठौँ संस्क.. साझा प्रकाशन ।

न्यौपाने, नेत्रप्रसाद (२०७२). *देवकोटाका प्रमुख खण्डकाव्यहरूको विश्लेषण.* कलाविमर्श केन्द्र ।

बन्धु, चूडामणि (२०५८). *देवकोटा* तेस्रो संस्क.. साझा प्रकाशन ।

सिग्देल, पीपलमणि (सन् २०१९, जुलाइ २०३१). नेपाली कवितामा मौलाएका वाद. *विश्वन्युज.* https://vishwanews.com/post.2632